नेपालको पहिलो बैंक

नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्र प्राप्त संस्था

# नेपाल बैंक लिमिटेड
# NEPAL BANK LIMITED

स्थापित वि.सं. १९९४

रत्ननगर शाखा

## नेपाल बैंक लिमिटेड, रत्ननगर शाखाको आफ्नो स्वामित्वमा रहेको भवनमा काउण्टर, आल्मुनियम पर्टिशन, फल्स सिलिङ्ग, रंगरोगन तथा ट्रस राख्नको साथै भवन मर्मत तथा संभार आदीको सिभिल र इलेक्ट्रिकल तथा नेटवर्किङ्ग कार्यको लागि बोलपत्र आव्हानको सूचना

**(प्रथम पटक प्रकशित मिति २०७६/०३/२२)**

चितवन जिल्ला स्थित नेपाल बैंक लिमिटेड रत्ननगर शाखाको आफ्नो स्वामित्वमा रहेको भवनमो काउण्टर, आल्मुनियम पर्टिशन, फल्स सिलिङ्ग, रंगरोगन तथा ट्रस राख्नको साथै भवन मर्मत तथा संभार कार्य तथा Air Conditioner सहितको इलेक्ट्रिकल तथा नेटवर्किङ्ग कार्य गर्नु पर्ने भएकोले अनुभवी इच्छुक निर्माण व्यवसायीहरुबाट यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र बोलपत्र फाराम खरिद गरी ३१ औं दिनको ११:०० बजे भित्र पेस गर्न सिलबन्दी बोलपत्र आव्हान गरिएको छ । यस बैंकको काठमाण्डौं बैंकिङ्ग अफिसमा प्र.का. १ हिसावमा वा रत्ननगर शाखामा रु.३,०००/- (पछि फिर्ता नहुने) जम्मा गरी यस बैंकको प्रधान कार्यालय, व्यवस्थापन सेवा विभाग वा रत्ननगर शाखावाट बोलपत्र फारम खरिद गर्न सकिनेछ । सो सम्वन्धि शर्त तथा कार्य विवरण बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ । प्राप्त भएका सिलबन्दी बोलपत्रहरु स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ । यस सम्वन्धि थप जानकारीको लागि कार्यालय समय भित्र नेपाल बैंक लिमिटेड, प्रधान कार्यालय, व्यवस्थापन सेवा विभाग वा रत्ननगर शाखामा सम्पर्क राख्नु हुन सूचित गरिन्छ ।

**तपसिल**

१) बोलपत्रदाता निर्माण व्यवसायीहरुले उल्लेखित कार्यहरु के कति रकममा गर्न सकिने हो बैंकले तोकेको नक्सा डिजाईन अनुसारको कामको परीमाणको विवरण (BOQ) मा दर रेट खुलाइ, न्युनतम रु.१,२२,०००/-(अक्षरेपी एक लाख बाईस हजार मात्र) धरौटी वापत यस बैंकको रत्ननगर शाखामा नगद जम्मा गरेको सक्कल भौचर वा सो रकम बराबरको बोलपत्र बुझाउने अन्तिम मितिले कम्तीमा १२० दिन म्याद भएको अन्य 'क'वर्गको बाणिज्य बैंकबाट जारी भएको विड बण्ड ग्यारेन्टी बोलपत्र साथ संलग्न गर्नु पर्नेछ । बोलपत्रको मान्य अवधि बोलपत्र बुझाउने अन्तीम मितिले ९० दिनको हुनेछ ।

२) बोलपत्रदाता निर्माण व्यवसायीले बोलपत्र साथ कम्पनी/फर्म दर्ता प्रमाणपत्र, व्यवसायदर्ताको इजाजत पत्र, मु.अ.क. दर्ता प्रमाणपत्र तथा स्थाई लेखा दर्ता नं (प्यान) प्रमाणपत्र, आ.व.२०७४/७५ को कर चुक्ता प्रमाणपत्र र निर्माण सम्बन्धि कार्य गरेको अनुभव प्रमाण पत्र, कालोसूचिमा नपरेको स्वघोषणा पत्र पेश गर्नुपर्नेछ ।

३) बोलपत्र पेश गर्दा बैंकले उपलव्ध गराएको बोलपत्र फाराम नै (नियम एवं शर्त सुविधाहरु र आवरण पृष्ठ समेतको सबै) बैंकमा पेश गर्नु पर्नेछ । बोलपत्र फारामको प्रत्येक पुछारमा बोलपत्रदाताले आधिकारिक दस्तखत गरी आफ्नो फर्मको छाप समेत लगाएको हुनु पर्नेछ ।

४) उपरोक्त कार्य सम्झौता भएको मितिले ९० दिन भित्र पुरा गरी बैंकलाई हस्तान्तरण गरी दिनु पर्नेछ ।

५) उपरोक्त कार्यको निर्माण तथा ईलेक्ट्रिकल कार्यको सामाग्रीहरु गुणस्तरीय हुनु पर्नेछ र बैंकको प्राविधिकको स्विकृतीमा मात्र प्रयोग गर्नु पर्ने छ ।

६) यस सम्वन्धमा अन्य विस्तृत विवरण बोलपत्र फारममा उल्लेख भए वमोजिम हुनेछ ।

| | |
|---|---|
| बोलपत्र फाराम प्राप्त गर्ने स्थान | :- ने.बै.लि. रत्ननगर शाखा वा प्रधान कार्यालय, व्यवस्थापन सेवा विभाग । |
| बोलपत्र फाराम खरिद गर्ने अन्तिम मिति | :- २०७६/०४/२० गते सोमबार कार्यालय समय भित्र । |
| बोलपत्र दाखिला गर्ने अन्तिम मिति | :- २०७६/०४/२१ गते मंगलबार बिहान ११:०० बजे भित्र । |
| बोलपत्र दाखिला गर्ने स्थान | :- नेपाल बैंक लिमिटेड, रत्ननगर शाखा । |
| बोलपत्र खोल्ने मिति र स्थान | :- २०७६/०४/२१ गते मंगलबार दिउसो १२:३० बजे नेपाल बैंक लिमिटेड, रत्ननगर शाखा । सो मितिमा विदा पर्न गएमा सो को भोली पल्ट |

बैंकको अनुमानित लागत :-

**सिभिल र इलेक्ट्रिकल तथा नेटवर्किङ्ग दुबै गरी भ्याट समेत कूल जम्मा रकम रु.४८,५७,४६०/८० (अक्षरेपी अड्चालिस लाख सन्ताउन्न हजार चार सय साठी र पैसा असी मात्र ।)**